# लोक सेवा आयोग

राजपत्राङ्कित तृतीय श्रेणी, अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

मिति २०७५।१२।१९

समय – ३ घण्टा पूर्णाङ्क – १००

पत्र:- द्वितीय

विषय:- शासन प्रणाली (Governance Systems)

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## Section - A

1. नेपालको संविधानमा बहुस्तरीय शासन प्रणालीलाई संस्थागत गर्न के कस्ता प्रावधान रहेका छन्? संघीय, प्रदेश तथा स्थानीय तहका शासन बीचको सहकार्यतालाई प्रवर्द्धन गर्ने सन्दर्भमा देखापरेका चुनौतीको विवेचना गर्नुहोस् । (4+6)=10

   What are the provisions enshrined in the Constitution of Nepal to institutionalize multi-level governance? Assess the challenges in course of promoting collaboration between the federal, province and local level governance.

2. निपुण शासन (Efficient Governance) र प्रभावकारी शासन (Effective Governance) को बीचमा रहेको भिन्नतालाई शासनका सिद्धान्तका आधारमा कसरी छुट्याउनुहुन्छ? 10

   How do you distinguish between Efficient Governance and Effective Governance on the basis of Governance Theory?

3. नेपालमा सार्वजनिक क्षेत्रलाई पारदर्शी बनाउन के कस्ता कानूनी र नीतिगत व्यवस्थाहरू गरिएका छन्? यसको अपवादहरू उल्लेख गर्नुहोस् । (5+5)=10

   What are the legal and policy provisions made to maintain transparency in the public sector of Nepal? Justify its exceptions.

## Section - B

4. नेपालको संविधानका पाँचवटा प्रमुख विशेषताहरू बारे वर्णन गर्नुहोस् । कानूनी शासनले नेपालको शासन प्रणालीमा लोकतान्त्रिक मूल्य र मान्यता कसरी स्थापित गर्छ? (5+5)=10

   Describe five major features of the Constitution of Nepal. How does rule of law could be established democratic norms and values in governance system of Nepal?

5. नेपालमा मानव अधिकार सम्बन्धी संस्थागत र कानूनी व्यवस्थाबारे जानकारी गराउँदै विकास र मानव अधिकार बीच कस्तो अन्तरसम्बन्ध हुन्छ? प्रकाश पार्नुहोस् । 10

   Informing about the institutional and legal provisions of human rights in Nepal, discuss the inter-relationship between development and human rights. Elucidate.

## Section - C

6. सदाचार र नैतिकता भन्नाले तपाईले के बुझ्नुहुन्छ? के सार्वजनिक सेवा बडापत्रले निजामती कर्मचारीको नैतिकता बढाउन सहयोग गर्छ? (5+5)=10

   What do you mean by ethics and morality? Does public service charter help to boost up the morality of civil servants?

7. उत्तरदायित्व भनेको के हो? शासनमा उत्तरदायित्वको आवश्यकता र महत्व उल्लेख गर्नुहोस् । 10

   What is mean by Accountability? What is the necessity and importance of Accountability in Governance?

कर्मचारीतन्त्रको लालफित्ताशाही भनेको के हो? नेपालको कर्मचारीतन्त्रमा यसको सुधार गर्ने उपायहरू प्रस्तुत गर्नुहोस् । (4+6)=10

What is "Red Tapism" of Bureaucracy? present the ways to reform Bureaucracy in Nepal.

( २ )

## Section - D

9. मानव स्रोत व्यवस्थापनमा कुन कुन कार्य पर्दछन्? छोटकरीमा विवेचना गर्नुहोस् । यी कार्यहरू अन्तर्गत कुन कुन क्रियाकलाप गरिन्छ? उल्लेख गर्नुहोस् । 10

What are the functions of human resource management? Explain in brief. What are the activities that are done under each of those functions? Mentions.

10. सार्वजनिक-निजी साझेदारीलाई द्रुतगतिको विकास गर्ने एउटा माध्यमको रूपमा लिइन्छ । तर नेपालमा यो त्यति सफल भैसकेको छैन । अतः सार्वजनिक निजी साझेदारी (PPP) को स्थितिमा सुधार ल्याउन कस्तो तरिका अपनाउनु पर्छ? 10

'Public-Private Partnership' is considered as a means of fast paced developments. But it has not been very successful in Nepal. What measures should be applied to improve the existing status of PPP?

<<< समाप्त >>>

## लोक सेवा आयोग

राजपत्राङ्कित तृतीय श्रेणी, अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, शाखा अधिकृत वा सो सरह पदको

द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

समय:- ३ घण्टा 2075/12/02 पूर्णाङ्क - १००

पत्र:- तृतीय

विषय - समसामयिक विषय (Contemporary Issues)

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## Section - A

1. सामाजिक द्वन्द्व भन्नाले के बुझ्नुहुन्छ? द्वन्द्व र विवादका बीचमा कुनै फरक हुन्छ? तिनको प्रकृति र दायरामा फरक देखाउनुहोस् । (4+3+3)=10

What do you mean by social conflict? Is there any differences between conflict and disputes? Differentiate its nature and scope.

2. "राष्ट्रिय साधन र स्रोतको समन्यायिक वितरण विना सीमान्तकृत वर्गलाई राज्यको मूल प्रवाहमा समाहित गर्न सकिदैन" भन्ने भनाइप्रति आफ्नो स्पष्ट धारणा राख्दै नेपाल सरकारबाट साधन स्रोतको समन्यायिक वितरणमा के कस्ता नीतिगत व्यवस्था गरेका छ? लेख्नुहोस् । (5+5)=10

Clearly give your views on "Marginalized group of the state can not be included in the main stream of state affairs without equitable distribution of national resources and means." Also, mention the equitable justice policy on distribution of resources adopted by Government of Nepal.

3. सामाजिक न्याय र समानतामा के फरक छ? नेपालको संविधानमा सामाजिक न्यायका बारेमा गरेका प्रावधानहरू उल्लेख गर्नुहोस् । (4+6)=10

What is the difference between social justice and equality? Mention the provisions of the constitution of Nepal about social justice.

## Section - B

4. नेपालको आर्थिक विकासका लागि महत्वपूर्ण योगदान दिने पाँचवटा क्षेत्रहरू उल्लेख गर्नुहोस् । यी क्षेत्रहरूबाट अधिक फाइदा लिन के के गर्नुपर्दछ? संक्षेपमा उत्तर दिनुहोस् । (4+6)=10

Mention five sectors which have significant Contribution for the economic development of Nepal. What measures would you suggest to get more advantages from these sectors. Write in brief.

5. "आज वैदेशिक रोजगारी नेपालका लागि बाध्यता हो, आर्थिक विकासका लागि दीर्घकालसम्म यो राम्रो होइन" । विश्लेषणात्मक तर्क दिनुहोस् । 10

"Foreign employment is compulsion for Nepal today, it is not good for economic development in the longrun." Give your analytical views.

## Section - C

6. मानव विकासका सूचकाङ्कहरू के के हुन्? चर्चा गर्नुहोस् । 10

What are the indicators of human development? Discuss.

7. छोटकरीमा लेख्नुहोस् । (Write short notes on) (2×5)=10

क) समुदायमा आधारित विकासको औचित्य (Rationale of community based development)

ख) दिगो विकासका लक्ष्यहरू र नेपाल (Sustainable development goals and Nepal)

8. विकास प्रक्रियामा सूचना सञ्चार प्रविधिले खेल्ने भूमिकाको उल्लेख गर्नुहोस् । यस क्षेत्रमा नेपालका सन्दर्भमा सूचना प्रविधिको क्षेत्रमा भएका महत्वपूर्ण उपलब्धिहरूको चर्चा गर्दै यसलाई थप प्रभावकारी बनाउन आफ्ना मौलिक सुझाव प्रस्तुत गर्नुहोस् । (3+4+3)=10

Mention the role of Information and Communication technology in development process highlighting some important achievements in this sector in Nepal. How can we adopt the information technology in a more effective way? Suggest.

( २ )

## Section - D

9 नेपालले जलवायु परिवर्तनका कारण सामना गर्नुपरेका मुख्य समस्याहरू दर्शाउनुहोस् । यसमा सुधार गर्न कार्यान्वयनयोग्य सुझावहरू दिनुहोस् । (5+5)=10

Highlight the main problems of climate change in Nepal. Write implementable suggestions to overcome these problems.

10 वातावरण र विकास बीच के सम्बन्ध छ? चर्चा गर्नुहोस् । 10

What is the relation between Environment and Development? Discuss.

««« समाप्त »»»